स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रकाश सपुत बागलुङको हालको काठेखोला गाउँपालिका-३ धम्जामा जन्मिएका हुन् । प्रकाश सपुतको जन्म दलित परिवारमा भएको हो । त्यसैले उनका कतिपय गीतहरु जातीय छुवाछुतको अन्त्य गर्ने आग्रहले भरिएका हुन्छन् । बाल्यकालदेखि नै उनले गाउँमा स्थानीय कार्यक्रममा गाउन र नाच्न मन पराउँथे । उनी बाल्यकाल देखिनै अभिनेता बन्न चाहन्थे। प्रकाश अन्ततः काठमाडौं बसाइँ सरे, जहाँ उनले आफ्नो गायन करियरलाई अगाडि बढाउन सक्षम भए ।


**आजको विचार...**



इस्लामावाद...
*(दुई पेजमा)*

श्रीमननारायण

अहिले देशभर फिल्म 'राम नाम सत्य' प्रदर्शन भइरहेको छ। नयाँ वर्षको अवसर पारेर देशभर यो फिल्म प्रदर्शनमा आएको हो। '२६ को आकडा' र 'डल्लेले इन्ट्री मा-यो' सरेपछि यो फिल्मले एकल प्रदर्शनको अवसर पाएको हो। सस्पेन्स, प्रेम र एक्सनले भरिएको फिल्ममा बिराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, खुशी कार्की, सुपुस्पा भट्ट, दिनेश डीसी, सुधीर श्रेष्ठ, आशा पौडेल, लगायतका कलाकारहरुको अभिनय छ।



❒ वर्ष ३१ ❒ अंक २६१ ❒ २०८२ वैशाख ७ गते सोमबार 20 April 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इरानले अन्तर्राष्ट्रिय उडान सुरु गर्ने

(रासस/एएफपी)

**तेहरान,** वैशाख ६/ इरानले सोमबारदेखि देशको उत्तरपूर्वी मशाद विमानस्थलबाट पुन: अन्तर्राष्ट्रिय उडान सुरु गर्ने भएको छ ।"मशाद विमानस्थलमा अन्तर्राष्ट्रिय यात्रुवाहक उडान सञ्चालनका लागि अनुमति दिइएको छ," इरानी सरकारी उययन निकायले जनाएको छ । फेब्रुअरी २८ देखि इजरायल र अमेरिकासँग युद्ध सुरु भएयता इरानका विमानस्थलहरु बन्द छन् । रानले शनिबार 'स्ट्रेट अफ हर्मुज' पार गर्ने क्रममा इन्धन बोकेका व्यावसायिक जहाजहरूमा आक्रमण भएको साथै थप आक्रमणको चेतावनीको सामना गर्नुपरेको सुरक्षा अनुगमनकर्ताहरूले बताएका छन्। इरानले मध्यपूर्व युद्धमा युद्धविरामको क्रममा जलमार्गलाई व्यापारिक यातायातका लागि पुन: खोल्ने आफ्नो प्रतिज्ञालाई शुक्रबार उल्ट्याउँदै अनुमतिविना यहाँबाट कुनै पनि आवागमनमा रोक लगाइएको घोषणा गरेको थियो । उक्त मार्ग मध्यपूर्वका लागि र त्यहाँबाट अन्य देश जाने सामानको ढुवानीको लागि एक महत्वपूर्ण मार्ग हो ।

# खुकुरी टी-२० क्रिकेट: वैशाख ८ गतेदेखि भैरहवामा हुँदै

**रासस**

**देवदह (रुपन्देही),** वैशाख ६/ रुपन्देहीको भैरहवामा वैशाख ८ गतेदेखि खुकुरी टी-२० कप क्रिकेट प्रतियोगिता हुने भएको छ । लुम्बिनी खुकुरी क्लब बेलहियाको आयोजनामा सिद्धार्थनगर नगरपालिका(३ स्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा प्रतियोगिता सञ्चालन हुनेछ ।

आइतबार यहाँ पत्रकार सम्मेलन गरी आयोजकले वैशाख १५ गतेसम्म प्रतियोगिता सञ्चालन हुनेबारे जानकारी दिएको हो । क्लबका अध्यक्ष महेश थापाले प्रतियोगितामा तीन भारतीयसहित १६ वटा समूहको सहभागिता रहने जानकारी दिए । क्लबका सहसचिव एवं प्रतियोगिताका संयोजक नन्दन श्रेष्ठले आगामी दिनमा अझ सशक्त ढंगबाट क्रिकेटको विकासका लागि नयाँ आयाम प्रस्तुत गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको बताए । "प्रतियोगिताबाट यस क्षेत्रमा मात्र नभई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका क्रिकेट खेलाडी उत्पादनमा टुवा पुऱ्याउने विश्वास छ", उनले भने, "खुकुरी




क्लबले यसअघि पनि धेरै राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन छ ।" प्रतियोगिताको विजेतालाई रु एक लाख ११ हजार १११, उपविजेतालाई रु ५५ हजार ५५५, म्यान अफ दि सिरिजलाई रु १५ हजार, वेष्टबलर र वेष्ट ब्याटस्म्यानलाई रु पाँच हजार ५५५ र प्रत्येक खेलको म्यान अफ दि म्याचलाई रु एक हजार ५०० प्रदान गरिने क्लबका सल्लाहकार धर्मराज गिरीले जानकारी दिए । सिद्धार्थनगर नगरपालिका-१ का वडाध्यक्ष उज्जवल पोखरेलले लुम्बिनी खुकुरी क्लबले क्रिकेटको विकासमा सहयोग गरिरहेको बताउँदै यसले स्थानीय खेलतडीलाई अवसर प्रदान गरिरहेको धारणा राखे । क्रिकेटसहित विभिन्न खेलकुदका गतिविधि सञ्चालन गर्न रकम आवश्यक भएको जानकारी पाएपछि क्लबले आयोजना गर्न लागेको क्रिकेटका लागि वडा कार्यालयबाट रु पाँच लाख सहयोग उपलब्ध गराइएको उनले जानकारी दिए ।

# जौको सातु र सर्वत खाएर अक्षय तृतीया पर्व मनाइँदै

**पाल्पा,** वैशाख ६/प्रत्येक वर्ष वैशाख शुक्ल तृतीयाका दिन मनाइने अक्षय तृतीया पर्व आज सातु र सर्वत दान गरी खाएर मनाइँदै छ । शास्त्रीय विधानअनुसार आज सबेरै उठी घर लिपपोत गर्नाका साथै स्नान गरेर पूजासामान तयार पारी संकल्प गरिन्छ ।वसन्त ऋतुको उष्णतामा शरीरलाई स्वस्थ राख्नको लागि प्राचीन कालदेखि खाने गरिएको जौको सातु र सर्वत पानी दान गरी यो पर्व मनाउने गरिन्छ ।यो शरीरको स्वास्थ्यको लागि उपयोगी रहेकोले सर्वत र जौको सातु खाने पर्वकोरुपमा हरेक वर्ष यो पर्व मनाउने गरिन्छ । यो पर्व हिन्दु सम्प्रदायका मानिसहरूको लागि अरू पर्वभन्दा विशेष छ । यो दिन प्राचीन कालदेखि नै अनेक किसिमका विशेष कार्यहरू हुने गरेका छन् ।



यस दिन दियो, कलश र गणेशलाई पूजा गरी कलशमाथि अष्टदल लेखेको तामाको थाली राखी अष्टदलमा भगवान् विष्णुको सोढ्ढ सामग्रीद्वारा पूजा गरिन्छ । पुरोहितलाई पनि पुजेर शुद्ध जल तामा वा माटाका भाँडामा राखी दालचिनी, ल्वाङ, सुकुमेल, अलैंची, मह, चिनी, सख्खर र मिश्री मिसाएर सर्वत बनाई घडा र जौको सातु दान गर्ने चलन छ । यस दिन गरेको स्नान, दान, ध्यान र जपलगायत पुण्य कर्म कहिल्यै नाश नहुने कुरा विभिन्न पुराणमा वर्णन गरिएको छ । जौको सातु र सर्वत वैशाखको गर्मीमा अमृत समान हुने भएकाले दान गर्ने र आफूले पनि खाने वैदिककालदेखिको परम्परा हो । गर्मीबाट शरीरलाई बचाउन दुवै चीजले सहयोग गर्ने र यसबाट शक्तिसमेत प्राप्त हुने जनाइएको छ ।शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि यसले सहयोग गर्ने जनाइएको छ । वैशाख शुक्ल तृतीयाका दिन थोरै दान गरे पनि धेरै फल प्राप्त हुने र यो अक्षय अर्थात् कहिल्यै नाश नहुने भएकाले आजको दिनलाई अक्षय तृतीया भनिएको हो । आजका दिन दान गरिने घडालाई धर्मघटादी दान पनि भनिन्छ । आज बूढाबूढीलाई छाता, लौरो र कपडाका जुत्ता दान गर्ने तथा गच्छे भए गाई, जमिन, अन्न र सुन पनि सत्पात्र ब्राह्मणलाई दान दिने चलन छ । सत्ययुगमा आजकै दिन आराध्यदेव महादेव र हिमालयकी छोरी पार्वतीको विवाह भएको विश्वास गरिन्छ । यसैले विवाहका लागि आज लग्न तथा साइत हेर्नु नपर्ने मान्यता पनि छ । त्रेतायुगको प्रारम्भ पनि आजकै दिनदेखि भएको शास्त्रीय वचन छ । यस दिन गरेको शुभ कामबाट अक्षय अर्थात् कहिल्यै नाश नहुने फल प्राप्त हुने हुँदा यस तिथिलाई अक्षय तृतीया भनिएको हो ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

**सामाजिक सञ्जालमा :**

-जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
-राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
-कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
-जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
-शान्ति सुरक्षामा खलल पुग्ने,
-प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
-जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । यस्ता कार्य कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## राष्ट्रिय याक दिवसको सन्दर्भ

**'राष्ट्रिय याक दिवस' आज देशभ र मनाइँदै छ । नेपाल सरका र मन्त्रिपरिषद्को २०८१ सालको आश्विन २ गतेको निर्णयअनुसार प्रत्येक वर्ष वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसको रूपमा मनाउने घोषणा गरिएको थियो । याक दिवसलाई राष्ट्रिय दिवसको रूपमा मनाउने कार्य प्रारम्भ गर्ने नेपाल विश्वमै पहिलो मुलुक हो । यस दिवसको मुख्य उद्देश्य याकको जैविक, आर्थिक र सामाजिक महत्वलाई उजागर गर्दै यसको संरक्षण, प्रजनन सुधार तथा हिमाली क्षेत्रका समुदायहरूको समृद्धिमा याकको योगदानलाई प्रवर्द्धन गर्नु हो ।**

**प्रकृतिको अनुपम उपहार याकचौँरी हिमाली जनजीवनको अभिन्न अंग हुन् । भौगोलिक विकटता, मौसमी प्रतिकुलता र आहाराको चरम अभाव जस्ता विषम पर्रिस्थितीमा समेत उत्पादन दिन सक्ने विशेष गुण भएका याक चौँ रीसामाजिक, आर्थिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण छन् । याकचौँरी हिमाली क्षेत्रका बहुउपयोगी घ रपालुवा जनाव र हुन्। नाक र चौरीको दूध र दूधबाट बन्ने उत्पादनहरु जस्तैः घिऊ, चीज, छुर्पी, छेना तथा यीनको छालाबाट बन्ने दोक्चा, ज्याकेट, जुत्ता, पेटी, म्याट एवम् रौंबाट तयार गरिने चमर, स्विट र, मोजा जस्ता उत्पादनहरु हिमाली क्षेत्रका बासिन्दाको जीवनशैलीसँग जोडिएका छन् । नाक चीज अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याती प्राप्त छ र सोको निर्यात बर्षोनि बढ्दो क्रममा रहेको पाइन्छ । याक र झोप्क्योहरु सामान ढुवानी एवम् खेतबा री ज्योत्ने काममा प्रयोग गरिन्छ । त्यसैगरी पर्यटन प्रवर्धनमा समेत याक चौँरीको विशेष महत्व रहेको पाइन्छ । हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरुको जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा, आयआर्जन, प्राङ्गारिक पदार्थ एवं वाताव रणीय सन्तुलनमा याकचौँरीको महत्वपूर्ण योगदान रहेको छ । तर पछिल्लो समय याकचौरी पालन व्यवसाय वर्षोनी घट्दो क्रममा रहेको छ । यो अत्यन्त दुखद् हो । हाल नेपालका २९ जिल्लामा करिब ५३ हजा रको संख्यामा याकचौँरी पालन भएको देखिन्छ । विगत २० बर्ष अघिको तथ्याङ्कसंग तुलना गर्दा हाल याकचौँरीको संख्या आधाले घटेको देखिन्छ । जलवायु परिवर्तनका तापक्रम बढ्दा याकको प्रजनन्मा असर पर्नु, रोगको जोखिम बढ्नु, चरन क्षेत्र घट्नु, मौसमी चक्र अस्तव्यस्त हुनु जस्ता कारणले याकचौरी पालना घट्दै गएको हो । याकलाई अनुकुल वातावरण बनाउन सक्ने हो भने यसको व्यवसायिक पालन फस्टाउने थियो । तसर्थ सरकारले याक संरक्षण र व्यवसायिक रणमा ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

हसाँए पनी रुवाए पनि,
यो एक जुनी त जसरि भएपनी तिम्रै हुनु छ मलाई ।
*(सविन मल्लको फेसबुक स्टाटसबाट www.facebook.com/sabin.Malla)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इस्लामावाद वार्ताको असफलताको दुष्परिणाम



**श्रीमननारायण**

> *पाकिस्तानको पश्चिमी क्षेत्रमा इरानको लामो सिमाना रहेको छ । इन्धन र ग्यासको निम्ति इरानको समुद्री बाटो पाकिस्तानलाई पनि चाहिएको छ । अफगानिस्तानसित पाकिस्तानको तनावपूर्ण सम्बन्ध छँदैछ । ब्लुचमा स्वायत्तताको लडाइँ जारी छ ।पाकिस्तानको अधिनमा रहेको काश्मिरमा अशान्ति नै छ । युएईसित पनि पाकिस्तानको सम्बन्ध त्यति राम्रो छैन । चीन र अमेरिका दुवै देशसित राम्रो सम्बन्ध कायम राख्ने उसको प्रयास सफल हुने छैन । पाकिस्तानले आफूलाई बासिंटन, तेहरान र खाडी देशहरूबीच एउटा भरपर्दो कडी बनाउने प्रयासले शान्तिवार्ताको मध्यस्थता गरेको थियो तर वार्ता असफल भएपछि अब पाकिस्तान स्वयं नै यस क्षेत्रीय संघर्षको एउटा पात्र बन्न गएको छ । उसको भौगोलिक बनोट नै यस्तो छ कि यो दक्षिण एशिया, मध्यएशिया र मध्यपूर्वको चोबाटोमा उभिएको छ । इरानसँगको उसको ९०० किलोमिटर लामो र सम्वेदनशील सिमानाले उसको खतरालाई बढाइदिएको छ । शान्तिवार्ताको मध्यस्थता गर्ने मुलुक*

पाकिस्तानको राजधानी इस्लामावादमा आयोजित अमेरिकी राष्ट्रपति जेडी बेंस र इरानी संसद्का स्पिकर मोहम्मद बागेर गालिबाफको वार्ता असफल भएपछि विश्व समुदाय नै चिन्तित छ तर पाकिस्तानको निम्ति यो आतिथ्य उसको अस्तित्वको लडाइँसँगै जोडिएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड टम्पद्वारा घोषित दुई साता लामो युद्धविरामको अवधिमा यो शान्तिवार्ता भएको थियो । पाकिस्तानले वार्ताको मध्यस्थता गर्नुलाई आफ्नो निम्ति ठूलो उपलब्धि ठानिरहेको थियो जबकि यथार्थमा इस्लामावादको आवश्यकताले उसलाई यो भूमिकाको निर्वाह गर्न बाध्य पार्‍यो । अमेरिकी आक्रमणमा आफ्नो सर्वोच्च नेता अयातुल्लाह खुमैनी, सुरक्षा मामिलाका मन्त्री र खुफिया अधिकारी गुमाएको इरान हवाइमार्ग भएर तेस्रो मुलुकमा वार्ता गर्न चाहिरहेको थिएन किनभने अमेरिका र इजरायलले आफ्नो मिसाइलमार्फत त्यसमाथि आक्रमण गर्ने डर पनि थियो ।

त्यस कारण इरान आफ्ना प्रतिनिधिलाई सडक मार्गमार्फत नै पाकिस्तान पठाएको थियो । अलकायदाका कुख्यात प्रमुख ओसामा बिन लादेनमाथि भौतिक कारबाही गर्न सहयोग गर्ने पाकिस्तानभन्दा ठूलो भरपर्दो मित्रराष्ट्र अमेरिकाको निम्ति अर्को कुनै हुनै सक्दैन भन्ने मान्यता राख्नेहरू पनि धेरै छन् । शान्तिवार्ता सफल भएको भए पाकिस्तानले नियमित रूपमा अमेरिका र इरानबाट केही न केही आर्थिक अनुदान र ऋण पाउन सक्दथ्यो तर वार्ता असफल भएपछि सबैभन्दा अप्ठ्यारो अवस्थामा पाकिस्तान नै देखिन्छ । इरानको समर्थन गर्दा युएई, सउदी अरब र अमेरिका जस्ता देशसित सम्बन्ध खराब हुने र अमेरिकाको इसारामा इजरायल, सउदी अरब र युएईलाई समर्थन गर्दा इरान तथा चीनसित सम्बन्ध खराब हुने डर छ । साउदी अरब र पाकिस्तानबीच भएको द्विपक्षीय सम्झौता अनुसार साउदी अरबमाथि कसैले आक्रमण गरेमा त्यो पाकिस्तानमाथि आक्रमण मानिने र पाकिस्तानमाथि हुने आक्रमण साउदी अरबमाथिको आक्रमण मानिनेछ, इरानले साउदी अरबलाई पनि आृनो आक्रमणको परिधिमा राखेको छ । पाकिस्तानको निम्ति इरान र साउदी अरब दुवै महत्वपूर्ण हो । पाकिस्तानको पश्चिमी क्षेत्रमा इरानको लामो सिमाना रहेको छ । इन्धन र ग्यासको निम्ति इरानको समुद्री बाटो पाकिस्तानलाई पनि चाहिएको छ । अफगानिस्तानसित पाकिस्तानको तनावपूर्ण सम्बन्ध छँदैछ । ब्लुचमा स्वायत्तताको लडाइँ जारी छ ।पाकिस्तानको अधिनमा रहेको काश्मिरमा अशान्ति नै छ । युएईसित पनि पाकिस्तानको सम्बन्ध त्यति राम्रो छैन । चीन र अमेरिका दुवै देशसित राम्रो सम्बन्ध कायम राख्ने उसको प्रयास सफल हुने छैन । पाकिस्तानले आफूलाई बासिंटन, तेहरान र खाडी देशहरूबीच एउटा भरपर्दो कडी बनाउने प्रयासले शान्तिवार्ताको मध्यस्थता गरेको थियो तर वार्ता असफल भएपछि अब पाकिस्तान स्वयं नै यस क्षेत्रीय संघर्षको एउटा पात्र बन्न गएको छ । उसको भौगोलिक बनोट नै यस्तो छ कि यो दक्षिण एशिया, मध्यएशिया र मध्यपूर्वको चोबाटोमा उभिएको छ । इरानसँगको उसको ९०० किलोमिटर लामो र सम्वेदनशील सिमानाले उसको खतरालाई बढाइदिएको छ । शान्तिवार्ताको मध्यस्थता गर्ने मुलुक पाकिस्तानले साउदी अरबको सहयोगको निम्ति आृनो फाइटर जेट र सेना पठाएको छ साउदी अरबको आक्रमण पनि इरान र इरानलाई समर्थन गर्ने देशहरूमाथि नै हुनेछ । युएइको साउदी अरब र सुडानसित राम्रो सम्बन्ध छैन । यस्तोमा पाकिस्तानले साउदी अरबलाई गर्ने सहयोगका कारण इरान र युएईसित यसको सम्बन्ध खराब हुने निश्चित छ । वार्ता असफल भएपछि इरानमा उत्पन्न हुने अराजकताले पाकिस्तानको पश्चिमी सिमाना क्षेत्रमा सुरक्षा संकटको अवस्था उत्पन्न गर्न सक्नेछ । त्यसैगरी पाकिस्तान र अफगानिस्तानबीच अघिदेखि नै तनावपूर्ण अवस्था चरमबिन्दुमा पुगिसकेको छ । वार्ता असफल भएपछि दुवै देशबीच प्राविधिक तनावपूर्ण सम्बन्ध छ नै, क्षेत्रीय अस्थिरताको लाभ उठाउन तनाव उत्पन्न हुने अवस्था आउन सक्दछ ।पाकिस्तान र रियादबीचको बढ्दो दूरी अथवा तनावपूर्ण सम्बन्धको परिप्रेक्ष्यमा पाकिस्तानले साउदी अरबलाई सहयोग गर्न आफ्नो फाइटर जेट विमान र सेना पठाउनुले एकातिर इरानसँगको उसको सम्बन्धलाई तनावपूर्ण बनाउनेछ भने अमेरिकाले पनि पाकिस्तानी भू-भागमा आफ्नो सैन्य शिविर बनाएर इरानलाई आफ्नो निशाना बनाउनेछ । पाकिस्तान चाहेर पनि अमेरिकाको आग्रह अथवा निर्देशनलाई अस्वीकार गर्नसक्ने छैन । अमेरिकाको नजिकको मित्र र साझेदार भएका कारण इस्लामावादमाथि युद्धको स्थितिमा सैन्य र लौजिस्टिक सपोर्ट गर्न पाकिस्तानलाई बाध्य गर्न सक्ने क्षमता अमेरिकाले राख्नसक्दछ । यदि पाकिस्तानले अमेरिकाको प्रस्तावलाई स्वीकार गर्‍यो भने पाकिस्तानभित्र देशको सबैभन्दा ठूलो जनसंख्या रहेको सिया समुदाय र इरानसँगको सम्बन्धमा फाटो आउनेछ । यसले गर्दा देश साम्प्रदायिक उन्माद फैलिन सक्नेछ । पाकिस्तानको अर्थव्यवस्था पहिलेदेखि नै भेन्टिलेटरमा छ । मध्यपूर्वमा तनावका कारण देशभित्र एक लिटर पेट्रोलको मूल्य ५०० को नजिक पुगेको छ । सरकारले 'स्मार्ट लकडाउन' लागू गरेर देशका बजारहरूलाई राति आठ बजेसम्म बन्द गरिदिनुपर्ने निर्देशन जारी गरिसकेको छ । यदि युद्ध लामो समयसम्म बढ्दै गयो र होर्मुजको खाडी (स्ट्रेट अफ होर्मुज) बन्द रह्यो भने पाकिस्तानमा इन्धन र बिजुलीको ठूलो अभाव रहनेछ । कतिपय विश्लेषकहरूले बाध्य भएर अमेरिकाले वार्ताको टेबुलमा आएको दाबी गरिरहेका छन् तर यस युद्धमा अमेरिकालाई हालसम्म खासै क्षति भएको छैन । यस युद्धमा इरानका सर्वोच्च धार्मिक नेता अयातुल्लाह खुमैनी र इरानी सरकारका अनेकौं महत्त्वपूर्ण मन्त्री, सेनाका शीर्ष अधिकारी मारिएका छन् । कुनै देशको सर्वोच्च धार्मिक नेता, प्रधानमन्त्री, मन्त्री र शीर्ष सुरक्षा अधिकारी मारिदाँ पनि त्यो विजेता कसरी हुन सक्दछ ? शान्तिवार्ताको आवश्यकता इरानलाई बढी थियो । हुन त अमेरिकालाई पनि कम क्षति पुगेको छैन । किनभने नाटोका देशहरू अब अमेरिकाको इसारामा हिँडन मानिरहेका छैनन् । इजरायलको अनिच्छाका बाबजुद पनि अमेरिका शान्तिवार्तामा सहभागी भएको थियो । अमेरिकाको यो निर्णय इजरायललाई मन परेन र उसले लेबनानमाथि आफ्नो आक्रमण जारी राख्यो । पश्चिम एशियाको युद्धबाट उत्पन्न विश्वव्यापी संकटमा भारतको भूमिका कस्तो रहने हो भन्ने विषय पनि चारैतिर चर्चामा छ ? अहिले भारतमा सरकारविरोधी दलहरूले मोदी सरकारको विदेश नीति खुलेर इरान तथा प्यालेस्टाइनको पक्षमा हुनुपर्ने भन्दै सरकारको नीतिको आलोचना गरिरहेका छन् तर भारत भने आफ्नो असंलग्न परराष्ट्रनीतिको सिद्धान्तलाई आत्मसात गर्दै आएको छ । युक्रेन-रूस युद्धमा पनि भारतको भूमिका तटस्थ जस्तै थियो । भारतको आधुनिक राजनीतिका चाणक्य मनिएका पूर्वप्रधानमन्त्री पि.भी.नरसिंह रावले एकपटक भनेका थिए कि 'सफल नेता त्यही हुन सक्दछ, जो निर्मम अथवा कठोर हुनुका साथै तपस्वी जस्तो शान्त रहन सक्दछ ।'मौनता' उनको ठूलो हतियार थियो ।

भारत स्वतन्त्र भएपछि यसको विदेश नीतिको तीनवटा मुख्य स्तम्भ थियो, पहिलो गुटनिरपेक्षता, दोस्रो उपनिवेशवादको विरोध र तेस्रो प्यालेस्टाइन जस्ता देशहरूको समर्थन सम्भवत: यिनै कारणले होला भारतले सुरुमा इजरायलसित, त्यति बढी घनिष्ठ सम्बन्ध बनाएन । इरान र प्यालेस्टाइनसित यसको राम्रो सम्बन्ध थियो तर पछिका दिनमा कतिपय इस्लामी देशहरूले भारतको आन्तरिक मामिलामा टिप्पणी गर्न थालेपछि भारत पनि इजरायलसित सम्बन्ध विकसित गर्न बाध्य भयो । अहिले रुसपछि भारतको सर्वाधिक विश्वासिलो राष्ट्रमा इजरायलको नाम आउँछ । हुन त इरानसित पनि भारतको सम्बन्ध निकै घनिष्ठ छ । भारत र इरानबीच पुरानो सांस्कृतिक सम्बन्ध रहिआएको छ । इरानले यस्तो विषय परिस्थितिमा भारतको इन्धन जहाजलाई मार्ग दिइरहेको छ । भारतको असंलग्न परराष्ट्रनीति नै सबैभन्दा उत्तम नीति हो । नेपालले पनि असंलग्न परराष्ट्र नीतिलाई अंगाल्दै आएको छ । इस्लामावादमा भएको इरान-अमेरिका वार्ता बालुवामा पानी हालेको सावित भएको छ । ***इहिमालय टाइम्स***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष**:परिस्थितिलाई आफ्नो अनुकूल बनाउनसकिनेछ।व्यापारमा फाइदा हुनेछ। | **तुला** : मनमा शान्ति छाउनेछ। अतिथिको रूपमा सम्मान प्राप्त हुन सक्छ। |
| **वृष** : आयका नयाँ स्रोतहरू बढ्नेछन् । वैदेशिक व्यापारमा लाभ रहनेछ। | **वृश्चिक** : लगानी गर्न केही समय प्रतिक्षा गर्नुहोस्।बाध्यताले अप्ठ्यारो पार्न सक्छ । |
| **मिथुन** : कार्यक्षेत्रमा सक्रियता बढ्नेछ । शत्रुहरू कमजोर हुनेछन् । | **धनु** : पहिलाको समस्या दोहोरिन सक्छ । दौडमा सफलता मिल्नेछ। |
| **कर्कट** :कीर्तिमानकाम गर्ने समय रहेको छ ।व्यापारमा प्रशस्त फाइदा हुनेछ। | **मकर** : फाइदा हुने काम प्रारम्भ हुन सक्छ। परिस्थितिसँग सम्झौता गर्नुपर्ने समय छ । |
| **सिंह** : रोकिएका काम बन्ने समय छ। आृनो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **कुम्भ** : प्रयत्नले लक्ष्यतर्फ पुग्न सकिनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ। |
| **कन्या**:आशा देखाउनेहरुबाट साथ नमिल्ला।अरुको काममा महत्वपूर्ण समय बित्नेछ। | **मीन** : ज्ञान र आध्यात्मिक क्षेत्रमा वृद्धि हुनेछ । सञ्चित रकम खर्च गर्नुपर्ला। |

## शिक्षा

# ‘बिग स्कूल मोडेल’मा तिलोत्तमा



**बुटवल,** सरकारी विद्यालयको शैक्षिक गुणस्तर सुधार्ने उद्देश्यले रुपन्देहीको तिलोत्तमा नगरपालिका ‘बिग स्कूल मोडेल’मा अघि बढ्न शुरु गरेको छ । अति न्यून विद्यार्थी संख्याका विद्यालयको शैक्षिक गुणस्तर कमजोर र राज्यको लगानीको प्रतिफल नआएको ठहर सहित तिलोत्तमा ठूला विद्यालय (बिग स्कूल) मोडेलमा अघि बढेको हो ।

तिलोत्तमा भित्र हाल एक गुठी सहित ४२ सरकारी विद्यालयमा १९ हजारभन्दा बढी र ४२ संस्थागत विद्यालयमा २३ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विशेषगरी आधारभूत तहमा विद्यार्थी संख्या न्यून हुँदा राज्यको लगानी अनुसार शैक्षिक गुणस्तर ज्यादै कमजोर देखिएपछि शिक्षा विज्ञ, प्रधानाध्यापक, व्यवस्थापन समितिसँग विभिन्न चरणमा छलफल र अध्ययनपछि कानून नै बनाएर साना विद्यालयहरु एकीकरण (मर्ज) र केही विद्यालयमा तह मिलान गरी ठूला विद्यालयमा रुपान्तरण गर्न शुरु गरेको छ । नगरपालिकाले विद्यालय मर्जसँगै शैक्षिक सुधार गर्न मापदण्ड तयार गरी लागू गरेको छ । मापदण्डअनुसार कम्तीमा एउटा कक्षामा १५ जना विद्यार्थी हुनुपर्ने व्यवस्था गरिएको छ । मापदण्ड नपुगेका विद्यालयहरूलाई समायोजन गरिएको छ भने मापदण्ड पूरा गरेका विद्यालयहरूलाई यथावत राखिएको छ ।पहिलो चरणमा नगरभित्रका एक गुठी सहित ४२ वटा सरकारी विद्यालयमध्ये ६ वटा साना विद्यालयलाई नजिकका ठूला विद्यालयमा गाभेर ३६ वटा कायम भएका छन् । यस्तै सात वटा विद्यालयहरुमा तह मिलान गरिएको छ ।‘नगरभित्र कतिपय विद्यालयमा ६ जना विद्यार्थी र ५ जना शिक्षक थिए, तीन धुर जग्गामा विद्यालय भवन थियो,’ नगरपालिकाका सामाजिक विकास शाखा संयोजक रवि सेन्चुरीले भने, ‘विद्यार्थीको प्रार्थना गर्ने र खेल्ने ठाउँ सडक थियो, यस्तो अवस्थाले कस्तो शैक्षिक गुणस्तरको कल्पना गर्ने ? त्यसैले बिग स्कूल मोडलमा गयौं ।’बिग स्कूल मोडेलमा जाँदा विद्यार्थीलाई नि:शुल्क यातायातका लागि विद्यालयको आफ्नै बस व्यवस्था हुने, विद्यालय र विद्यार्थीहरुमा शैक्षिक गुणस्तर सुधारको प्रतिस्पर्धा बढ्ने विज्ञहरुसँगको सुझावका आधारमा बिग स्कूल मोडल उपयुक्त लागेको सेन्चुरीले बताए ।

नगर प्रमुख रामकृष्ण खांणले बिग स्कूल मोडेलमा गएर सरकारी विद्यालयको गुणस्तरमा आमूल सुधार ल्याउने उद्देश्यले ९ सदस्यीय कार्यदलले दुई महिना स्थलगत अध्ययन गरेर आएको रिपोर्ट अनुसार विद्यालय मर्ज गर्ने रुपान्तरणकारी निर्णय गरेको बताए । ‘लगातार घट्दो विद्यार्थी संख्या, कमजोर शैक्षिक उपलब्धि, शिक्षक-विद्यार्थी अनुपातको असन्तुलन, अभिभावकको घट्दो चासो र राज्यका तर्फबाट प्रति विद्यार्थी उच्च लागतजस्ता समस्या हटाएर बिग स्कूल मोडेलमा सरकारी विद्यालयप्रति आकर्षण बढाउन यो कदम चालिएको हो’ उनले भने ।

समायोजन (मर्ज) अन्तर्गत तिलोत्तमा-१६ का बोहिया आधारभूत विद्यालय र कोटहिमाई मिसुजु आधारभूत विद्यालयलाई समेट्दै कोटहिमाई मिसुजु आधारभूत विद्यालयमा एकीकृत गरिएको छ । तिलोत्तमा-१२ का कोटियामाई आधारभूत विद्यालयलाई सरस्वती आधारभूत विद्यालयमा समायोजन गरिएको छ ।

### तिलोत्तमाको मणिग्रामस्थित नेपालकै ठूलो मध्येको एक शान्ति नमुना मावि

त्यस्तै तिलोत्तमा-६ को मेदिनी आधारभूत विद्यालयलाई तिलोत्तमा-५ स्थित शान्ति नमुना माध्यमिक विद्यालयमा गाभिएको छ । तिलोत्तमाको मणिग्रामस्थित नेपालकै ठूलो मध्येको एक शान्ति नमुना माविमा ५ हजार बढी विद्यार्थी अध्ययनरत छन् । गत वर्षको एसईईमा यो विद्यालयबाट १८ जनाले चार जीपीए ल्याएका थिए । तिलोत्तमा-१४ को नमुना महिला आधारभूत विद्यालयलाई सोही वडाको टिकुलिगढ माध्यमिक विद्यालयमा समायोजन गरिएको छ । तिलोत्तमा-११ को नवज्योति शंकरमान आधारभूत विद्यालयलाई झुल्के माध्यमिक विद्यालयमा र तिलोत्तमा-१३ को सेमरी आधारभूत विद्यालयलाई जनता माध्यमिक विद्यालयमा समायोजन गरिएको नगरपालिकाका सामाजिक विकास शाखा संयोजक रवि सेन्चुरीले बताए । तह मिलानतर्फ तिलोत्तमा-१७ को बाल विकास आधारभूत विद्यालय र तिलोत्तमा-८ को ज्योति आधारभूत विद्यालयलाई कक्षा ८ बाट घटाएर कक्षा ५ सम्म सीमित गरिएको छ । तिलोत्तमा-११ को शिवपुर माध्यमिक विद्यालयमा कक्षा १२ बाट कक्षा १० सम्म झारिएको छ भने सोही वडाको गणेश आधारभूत विद्यालयलाई पनि कक्षा ८ बाट कक्षा ५ मा सीमित गरिएको छ । तिलोत्तमा-१३ को बभनी आधारभूत विद्यालय र तिलोत्तमा-१२ को सरस्वती आधारभूत विद्यालयलाई कक्षा ५ बाट कक्षा ३ सम्म सीमित गरिएको छ । यसैगरी तिलोत्तमा-६ को सत्यलक्ष्मी आधारभूत विद्यालयलाई पनि कक्षा ५ बाट कक्षा ३ सम्म झारिएको छ । मर्ज भएका विद्यालयहरुमा सेक्टर विद्यालयको रुपमा भौतिक संरचना प्रयोग गरेर अझै व्यवस्थित बनाइने नगरपालिकाका सामाजिक विकास शाखा संयोजक सेन्चुरीले बताए ।

### निजी विद्यालयको छात्रवृतिमा कडाइ

समग्र शैक्षिक सुधारका लागि संस्थागत विद्यालयमा दिइने छात्रवृत्तिमा कडाइ गर्दै पारदर्शी बनाउने निर्णय नगरपालिकाले गरेको छ । निजी विद्यालयमा अध्ययन गरिरहेका २३ सय बढी विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने सुनिश्चित गरिएको वडा नं ६ का अध्यक्ष गणेश पाठकले बताए । ‘संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरणलाई थप व्यवस्थित बनाइएको छ, कुल २३ हजारभन्दा बढी विद्यार्थीमध्ये २३ सय भन्दा बढीले पूर्ण छात्रवृत्ति प्राप्त गर्नेछन्’, वडाध्यक्ष पाठकले भने, ‘छात्रवृत्तिलाई पारदर्शी र लक्षित वर्गले पाउनुपर्ने नीति बनाउन धेरै मेहेनत र संघर्ष गर्नुपऱ्यो ।’ छात्रवृत्तिमा भर्ना शुल्क, मासिक शुल्क र यातायात खर्चसमेत समावेश हुनेछ । छात्रवृत्तिलाई समावेशी बनाउँदै जेहेन्दार, विपन्न, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्ग तथा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइएको छ । छात्रवृत्तिमा पारदर्शिताका लागि पालिकाले आफैं प्रश्नपत्र तयार पार्नेलगायतका कार्यहरु गर्ने उपप्रमुख जगेश्वरदेवी चौधरीले बताइन् ।

*(अनलाईन खबर)*

# अध्ययन बिदामा गएका प्राध्यापक नफर्किंदा त्रिविलाई दुई अर्ब नोक्सानी

अध्ययन बिदामा गएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक नफर्किंदा रु दुई अर्ब बढीको नोक्सानी भएको छ । त्रिविको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउने प्रावधान छ । विश्वविद्यालयले योग्य, दक्षा र अनुसन्धानमैत्री प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले तलबसहित अध्ययन बिदा दिने गरेको हो । तर प्रध्यापकहरूले बिदाको चरम दुरुपयोग गरेको पाइएको छ । यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक/कर्मचारीहरूको खोजबिन गर्न डा जीवन काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो । समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य रहेका छन् ।उक्त समितिले खोजबिन गर्दा करिब ३९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको छ । यसबाट त्रिविलाई आर्थिका साथै प्राज्ञिक क्षति पुगेको छ । अध्ययन बिदामा गएका स्थायी शिक्षकको ठाउँमा आंशिक र करारका शिक्षक राख्दा त्रिविलाई थप आर्थिक भार परेको छ ।

समितिका संयोजक डा कृलेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको संख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताए । “शिक्षक कर्मचारीबाटै अध्ययन बिदामा गएर नफर्किने लापरवाही प्रवृत्तिले विद्यार्थीमा नकारात्मक सन्देश गएको छ”, उनले भने, “त्रिविप्रतिको धारणामा असर पनि पुगेको छ ।” त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो । छानबिन समितिले तयार त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा तीन वर्षभन्दा बढी पाँच वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने उल्लेख छ । यदि तीन वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा तीन वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ । अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन् । पाँच वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अष्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ ।त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले धेरै वर्षदेखि पेचिलो बनिरहेको अध्ययन बिदा दुरुपयोगको विषयलाई त्रिविले आँट गरेर बाहिर ल्याएको उल्लेख गरे । उनले भने, “समितिले गरेको अध्ययनमा १९३ जना पाँचवर्षे अध्ययन बिदा सकेर नफर्किएका र अध्ययन बिदा लिएर अध्ययन पूरा नगरेका ४०० भन्दा बढी पाइएको छ ।” शिक्षाध्यक्ष डा. केसीका अनुसार विश्वविद्यालयसँग गरेको कबुलियतअनुसार साँवाब्याजसहित फिर्ता गर्न त्रिविले पत्राचार गरेकामा २० जनाले रकम बुझाइसकेका छन् । उनीहरूबाट रु छ करोड रकम फिर्ता भएको छ । अध्ययन बिदा सकिएपछि नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलबभत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर कबुलियतनामा गरिएको हुन्छ । सोही कबुलियतनामाअनुसार रकम फिर्ता गरिरहेका हुन् । त्रिविले ताकेता गरेपछि ५० जनाभन्दा बढी प्राध्यापक फिर्ता गर्ने प्रक्रियामा छन् । त्रिविका अनुसार नफर्किने प्राध्यापकले प्रतिव्यक्ति कम्तीमा रु १० लाखदेखि रु ५० लाख बढीसम्म फिर्ता गर्नुपर्ने देखिएको छ । डा.केसीले भने, “हामी निर्ममतापूर्वक अहिले पनि लागिरहेका छौं । अब पहिलो चरणमा पैसा नबुझाउनेलाई दोस्रो चरणमा कानुनी परामर्श लिएर नाम सार्वजनिक गर्छौं, ३५ दिने सूचना अवधिमा पनि सम्पर्कमा नआए सम्बन्धित निकायलाई कारबाहीका लागि सिफारिस गरिनेछ ।”त्रिविको उपप्राध्यापक पदको शिक्षकको सेवा सुविधालाई मात्र आधार मान्ने हो भने एक शिक्षकको रु ४८ हजार ७३७ बेसिक तलब जम्मा आठ ग्रेडबापत रु १३ हजार र कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोष समेत १०-१० प्रतिशत कट्टी गर्दा रु १२ हजार ३४८ र मासिक बिरामी बिदाबापत रु दुई हजार ५७३, महँगी भत्ता रु दुई हजार र प्राज्ञिक भत्ता रु एक हजार चाडबाड खर्च रु ६१ हजार ७३७ गरी जम्मा वार्षिक रु १० लाख १७ हजार ६३३ को हिसाबले ३९७ शिक्षक कर्मचारीले पाँच वर्षको अवधिमा करिब रु दुई अर्बको हाराहारीमा दुरुपयोग गरेको प्रतिवेदनको प्रारम्भिक विवरणमा छ ।

### प्रधानमन्त्री र शिक्षामन्त्रीको चासो

अध्ययन बिदाको दुरुपयोगका विषयमा सरकारले चासो लिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह र सरकारको प्रवक्ताको समेत जिम्मेवारी सम्हाल्नुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमन्त्री सस्मित पोखरेलले चासोका साथ अध्ययन गरिरहेका छन् । प्रधानमन्त्री शाह र शिक्षामन्त्री पोखरेलको सचिवालयले छानबिन समितिका संयोजक डा कृलेसँग छलफल गरेको छ । प्रधानमन्त्री र शिक्षमन्त्रीले चासो देखाएपछि त्रिविले कामलाई थप तीव्रता दिएको छ । समितिका संयोजक डा काफ्लेले डिन कार्यालय, क्याम्पस, केन्द्रीय विभागलगायतका कार्यालयमा पुगेर नफर्किने प्राध्यापक र कर्मचारीको खोजी गरिरहेको बताए । उनले भने, “पूर्ववत रूपमा आकलन गरिएको संख्याभन्दा अझ बढी संख्यामा दुरुपयोगको अवस्था देखिएको छ भने समिति गठनपश्चात् दुरुपयोग गर्नेहरू सार्वजनिक जीवनमा पर्न जाने असरलाई मूल्याङ्कन गरी आफूले दुरुपयोग गरेको क्षतिपूर्ति रकम त्रिवि नियमअनुसार बुझाउन अग्रसर देखिएका छन् ।”डा काफ्लेका अनुसार हालसम्म टोलीले त्रिविका ६० प्रतिशत आर्थिक क्याम्पस र कार्यालयमा प्रत्यक्ष रूपमा अवलोकन गर्दा अध्ययन बिदा लिई सेवामा नफकर्ने शिक्षक कर्मचारीका साथै अध्ययन बिदा लिई उपाधि हासिल गर्न नसक्नेहरूको संख्या समेत उल्लेख्य रूपमा रहेको पाइएको छ ।त्रिविले विशवविद्यालयअन्तर्गतका क्याम्पस कार्यालयहरूमा कार्यरत स्थानीय शिक्षक तथा कर्मचारीलाई निजहरूको वृत्ति विकासका लागि अध्ययन अध्यापन र अनुसन्धान कार्य गर्न एक वर्षदेखि पाँच वर्षसम्मको अध्ययन बिदा दिने गरेको छ । यसरी अध्ययन बिदाबाट प्राप्त गरेको ज्ञान र सीप विश्वविद्यालयको समग्र हितमा हुने अपेक्षाका साथ एक वर्षदेखि पाँच वर्षसम्मको तलबी अध्ययन बिदा दिने गरेको हो ।अध्ययन बिदामा बसेको शिक्षकहरूले आफूले अध्ययन बिदा उपयोग गरेको समयअनुसार विश्विद्यालयमा सेवा गर्नुपर्ने व्यवस्था गरिएको छ र सोअनुसार सेवा नगर्ने शिक्षक कर्मचारीका लागि दण्ड सजायको समेत व्यवस्था गरिएको छ । अध्ययन बिदामा बसी नफर्कने शिक्षक कर्मचारीलाई त्रिविले पत्र काटेर नफर्किने शिक्षकको विवरण उपलब्ध गराउन सबै निकायलाई भनेको थियो । तर सही विवरण नआएपछि समिति क्याम्पस क्याम्पसमा पुगेर संलग्न गर्न लागेको हो ।“समितिले सम्बन्धित क्याम्पसमै पुगेर खोजबिन गरिरहेको छ । ठूलो संख्यामा शिक्षक र कर्मचारी अध्ययन बिदामा गएर नफर्किएको पाइएको छ”, समितिका संयोजक डा. काफ्लेले भने । विसं २०४४ यताका सबै फाइल खोजेर अध्ययन गरिरहेको समितिले जनाएको छ । अध्ययन बिदामा गएका त्रिविका कति शिक्षक कर्मचारी फर्किए, कति उतै लुके भन्ने तथ्याङ्क त्रिविसँग थिएन । त्यसैले समिति बनाएर त्रिविले तथ्याङ्क संलग्न गरिरहेको हो । समितिका अनुसार त्रिविका आर्थिक क्याम्पस-डिन कार्यालय केन्द्रीय विभागमा खोजबिन सकिएको छ । कति संख्यामा शिक्षक कर्मचारी विदेशमै लुकेका छन् भन्ने तथ्याङ्क एकैपटक सार्वजनिक गरिने उनले बताए । असार मसान्तसम्मको समयावधि पाएको समितिले तीव्र रूपमा काम गरिरहेको छ ।

### चार सयले गरे बिदाको दुरुपयोग

समितिले छ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४०० प्राध्यापकले दुरुपयोग गरेको भेटिएको हो । समितिले ताकेता गरेपछि अहिले अध्ययन बिदाबाट नफर्किएका प्राध्यापकले धमाधम रकम फिर्ता गर्न थालेका छन् । हालसम्म ४४ जनाले निवेदन दिएको र तीमध्ये २० जनाले साढे छ करोड रकम फिर्ता गरेको समितिका संयोजक डा कृलेले जानकारी दिए । उनले भने, “अहिले २० जनाबाट साढे ६ करोड रकम उठिसकेको छ । अरुलाई पनि हामीले पत्राचार गरिरहेका छौं ।” अध्ययन बिदामा बसेर नफिर्किने शिक्षक र कर्मचारी अहिले करिब चार सय पुष्टि भएको तथा अझै केही केशहरू पनि आइरहेकाले यो संख्या झन्डै पाँच सय पुग्ने बताइन्छ । विश्वविद्यालयको नियममा पाँच वर्षसम्म अध्ययन बिदामा बस्न पाउने प्रावधान छ । तीन वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा तीन वर्ष र सोभन्दा बढी बिदा उपभोग गरेकाले कम्तीमा पाँच वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ । बिदामा बस्दा शिक्षकले नेपाली कागजमा फर्किने कबुलियतनामा गरेको हुन्छ । नफर्किएमा जायजेथाबाट भए पनि खाएको रकम असुल गर्ने भनिएको छ । तर, २०४५ सालदेखि अध्ययन बिदामा गएका त्रिविका शिक्षक फर्किएका छैनन् ।

धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन् । यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेको छ । शिक्षाध्यक्ष डा केसीले त्रिविलाई अझै पनि अध्ययन बिदा दुरुपयोग गर्नेलाई कानुनी दायरामा ल्याउन तथा प्रतिवेदन कार्यान्वयनका चुनौती र छिद्राहरू रहेकाले जवाफदेही बनाउनका लागि सरकार, नागरिक समाज र सञ्चारमाध्यमको साथ र सहयोगको जरुरी भएको उल्लेख गरे । अध्ययन बिदा लिएपछि क्याम्पस कार्यालयमा नफर्कने शिक्षक तथा कर्मचारीको संख्या अध्ययन संस्थानतर्फ संकायतर्फको भन्दा तुलनात्मक रूपमा बढी देखिएको समितिले उल्लेख गरेको छ । त्रिविका केही शिक्षकहरूले स्वीकृत अध्ययन बिदा लिएपछि निर्धारित समयमा अध्ययन पूरा नगरेको तथा बिदा समाप्त भएपछि क्याम्पस वा विभागमा पुन: नफर्किनुले अध्ययन बिदाको मूल उद्देश्य नै विफल भएको समितिको ठहर छ ।त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म बिनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ । विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्दैनन् ।

**रासस**

# आज 'राष्ट्रिय याक दिवस'



**पाल्पा,** वैशाख ६/ आज 'राष्ट्रिय याक दिवस' देशभर विभिन्न कार्यक्रम गरी मनाईँदै छ । याकको जैविक, आर्थिक र सामाजिक महत्वलाई उजागर गर्दै यसको संरक्षण, प्रजनन सुधार तथा हिमाली क्षेत्रका समुदायहरूको समृद्धिमा याकको योगदानलाई प्रवर्द्धन गर्न हरेक वर्ष वैशाख ७ गते यो दिवस मनाउने गरिएको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८१ सालको आश्विन २ गतेको निर्णयअनुसार प्रत्येक वर्ष वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसको रूपमा मनाउने घोषणा गरेको थियो । सोही अनुसार हरेक वर्ष यो दिवस मनाइँदै आइएको छ । नेपालमा उत्पादन हुने विश्वप्रसिद्ध याक चिज 'ओमेगा-३' फयाट्टी एसिडको स्रोत रहेको, याकको दही प्रसिद्ध दुग्ध परिकारका रूपमा रहेको, चौँरीको दूधबाट बनेको छुर्पी हिमाली क्षेत्रका किसानको आम्दानीको प्रमुख स्रोतका रूपमा रहेको र हिमाली क्षेत्रको सभ्यताका रूपमा समेत याक रही आएको छ । याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तु सूचीमा राखेको छ ।

सरकारले याक चौरीको विशेष महत्वलाई आत्मसाथ गर्दै वि.सं. २००९ मा रसुवाको लाङटाङमा याक चिज उत्पादन केन्द्र स्थापना गरेको थियो । त्यसैगरी याकको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगको लागि सोलुखुम्बु जिल्लाको स्याङ्बोचेमा लागिवि.सं. २०३० बैशाख ७ गते याक आनुवांशिक स्रोत केन्द्र (तत्कालीन चौँरी विकास फार्म) को स्थापना भएको हो । हाल यस केन्द्रले याकको न्यूक्लियस हर्ड संरक्षण, आनुवांशिक सुधार, अनुसन्धान र प्रविधि विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । तीनै तहका सरकारहरू, निजी क्षेत्र, सहकारी तथा गैह्र सरकारी क्षेत्रको समन्वयमा काम गर्न सकेमा मात्र याकपालन व्यवसायको प्रवर्द्धन र विकास मार्फत हिमाली तथा उच्च पहाडी क्षेत्रमा आर्थिक योगदान एवं रोजगारी सिर्जनामा अपेक्षित उपलब्धी हासिल हुन सक्दछ । जलवायु परिवर्तनका कारण घट्दै गइरहेका चरन भू-भागहरूको पुन:स्थापनाका लागि सामुदायिक वनसँग सहकार्य गर्दै तत्काल दिगो चरन क्षेत्रको प्रबन्ध गर्न आवश्यक देखिन्छ। याकजन्य उत्पादन घ्यू, उन, दूध को ब्रान्डिङ, प्रशोधन र बजार व्यवस्थापनका लागि हिमाली जैविक उत्पादन अभियानसञ्चालन गर्नसके निर्यात प्रवर्द्धनमा टेवा पुग्ने देखिन्छ ।

## खेलकुद समाचार

### आईपीएल क्रिकेटमा हैदराबाद र दिल्ली विजयी



**काठमाडौं**,वैशाख ६/ इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सनराइजर्स हैदराबादले चेन्नई सुपर किंग्सलाई १० रनले पराजित गरेको छ । हैदराबादमा भएको खेलमा हैदराबादले दिएको १९५ रनको लक्ष्य पछ्याएको चेन्नईले २० ओभरमा ८ विकेट गुमाउँदै १८४ रन मात्र बनाउन सक्यो ।

पहिले ब्याटिङ गरेको हैदराबादले २० ओभरमा ९ विकेट गुमाउँदै १९४ रन बनाएको थियो । हैदराबादका लागि अभिषेक शर्माले १५ बलमा अर्ध शतक बनाउँदै ५९ रन जोडे भने हेनरिक क्लासेनले ३३ बलमा ५९ रन बनाए । चेन्नईका लागि अंशुल कम्बोज र जेमी ओभरटनले समान ३ विकेट लिए । जितसँगै हैदराबाद १३ अंकसहित तालिकाको शीर्ष चारमा उक्लिएको छ । यस्तै अर्को खेलमा दिल्ली क्यापिटल्सले रोयल च्यालेन्जर्स बैंगलुरु (आरसीबी) लाई ६ विकेटले पराजित गरेको छ । बैंगलुरुको एम. चिन्नास्वामी मैदानमा भएको खेलमा दिल्लीले एक बल बाँकी रहँदै १७६ रनको लक्ष्य पूरा गरेको हो । पहिले ब्याटिङ गरेको आरसीबीले २० ओभरमा ८ विकेट गुमाएर १७५ रन बनाएको थियो । जवाफमा दिल्ली क्यापिटल्सले १९ ओभर ५ बलमा ४ विकेट गुमाउँदै १७९ रन बनाउँदै जित निकालेको हो । दिल्ली तालिकाको छैटौँ स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

### पाल्पा उद्योग वाणिज्य संघद्वारा नव वर्षको शुभकामना-आदान



**पाल्पा,** वैशाख ६/ जिल्लाको उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघले सामुहिक रुपमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ । संघले जिल्लाका उद्योगी, व्यवसायी, राजनीतिक दलका प्रतिनिधी, जनप्रतिनिधि,सुरक्षा निकायका प्रमुख, नागरिक अगुवा, पत्रकार, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका कर्मचारी तथा सर्वसाधारणहरुको सहभागितामा नयाँ वर्ष २०८३ को असवरमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको हो ।

संघको कार्यालयमा भएको शुभकामना कार्यक्रममा सहभागीहरुले सामुहिक रुपमा एक आपसमा शुभकामना आदान प्रदान गरी खुसी साटा साट, भेटघाट र चियापान गरेका थिए । सहभागीहरुलाई स्वागत गर्दै संघका अध्यक्ष समीरमान सिंहले नयाँ वर्षको अवसरमा शुभकामना आदान प्रदानले एक आपसमा मित्रभावसँगै आत्मियता बढाउन कार्यक्रम गरिएको बताए । उनले जिल्लाका स्थानीय उत्पादन, पर्यटकिय स्थलहरुको संरक्षण, उद्योग तथा व्यवसायका माध्यमबाट जिल्लाका युवाहरुलाई स्वरोजगार बनाउने दिशामा संघले दिर्घकालीन योजना नयाँ नेतृत्व अगाडि बढेको समेत बताए ।

कार्यक्रममा संघका निर्वतमान अध्यक्ष शैलेन्द्र भट्टराई, पुर्वअध्यक्षहरु, सल्लाहाकार, नवनिर्वाचित पदाधिकारी, राजनैतिकदलका नेता, सामाजिक अभियन्ता, सञ्चारकर्मी, स्वास्थ्य संस्थाका प्रमुखहरुको सहभागिता रहेको थियो ।संघका महासचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| | | |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| | | |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| | |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई